
के तपाईंको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्याको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रजिस्ता पार्टी प्यालेसको नजिक)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ११८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० बैशाख २९ गते शुक्रबार ❑ 12 May 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## गण्डकीमा मन्त्रालयको नयाँ कार्यविभाजन

पोखरापत्र संवाददाता
पोखरा, २८ बैशाख

गण्डकी प्रदेश सरकारले मन्त्रालयको कार्यविभाजन हेरफेर गरेको छ ।

बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले गण्डकी प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ को नियम ८ अनुसार मन्त्रालयको नयाँ कार्यविभाजन गरेको हो ।

सरकारको उक्त निर्णय आजै प्रदेश राजपत्रमासमेत प्रकाशित भइसकेको छ । यसअघिको कार्यविभाजन नमिलेको देखिएकाले हेरेफेर र समायोजन गरिएको सरकारका प्रवक्ता एवं बिनाविभागीय मन्त्री सरस्वती अर्याल तिवारीले जानकारी दिनुभयो । नयाँ कार्यविभाजनअनुसार आन्तरिक मामिला तथा कानुन मन्त्रालय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गाभिएको छ । अबदेखि शान्ति सुरक्षा, विपद् व्यवस्थापन, प्रदेशसभा मामला, कानुन, सञ्चार आदिको कार्यजिम्मेवारीसमेत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सम्हाल्नेछ ।

कृषि तथा जलस्रोत मन्त्रालयले कृषि, पशुपक्षी, ऊर्जा, सिँचाइ र खानेपानी हेर्दै आएकामा अब ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय र कृषि तथा भूमि व्यवस्था मन्त्रालय छुट्टाछुट्टै रहने छ ।

आर्थिक मामिला मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय भने यथावत कायम छन् ।

अघिल्लो सरकारले मन्त्रालयको सङ्ख्या १२ बाट घटाएर सातमा झारेको थियो । नामअनुसार कार्यप्रकृति नमिल्दा यसअघि समायोजन भएका मन्त्रालयलाई कार्यसम्पादनमा जटिलता थपिएको थियो । मन्त्रालयको कार्यविभाजन हेरफेर भइसकेकाले अब सरकारले एक-दुई दिनमै पूर्णता पाउने प्रवक्ता तिवारीले बताउनुभयो ।

"गठबन्धन दलहरूबीच मन्त्रालयको बाँडफाँट पनि करिब टुङ्गिसकेको छ, अब मन्त्रिपरिषद् विस्तारमा ढिलाइ हुँदैन", उहाँले भन्नुभयो । काँग्रेसले मुख्यमन्त्रीसहित चार, नेकपा (माओवादी केन्द्र)ले दुई र नेकपा (एकीकृत समाजवादी)ले एक मन्त्री पाउने जनाइएको छ ।

यही वैशाख १४ गते काँग्रेस गण्डकी प्रदेश संसदीय दलका नेता सुरेन्द्रराज पाण्डे मुख्यमन्त्रीमा नियुक्त हुनुभएको थियो । उहाँले यही वैशाख २१ गते प्रदेशसभाबाट विश्वासको मत पाइसक्नुभएको छ । साठी सदस्यीय प्रदेशसभामा काँग्रेसका २७, माओवादी केन्द्रका सात र नेकपा (एकीकृत समाजवादी) का एक गरी ३५ प्रदेशसभा सदस्यले उहाँलाई विश्वासको मत दिएका थिए ।

हाल मन्त्रिपरिषद्मा मुख्यमन्त्री पाण्डेसहित बिनाविभागीय मन्त्रीका रूपमा माओवादी केन्द्रका प्रदेशसभा सदस्य सुशीला सिम्खडा र काँग्रेसका सरस्वती अर्याल तिवारी रहनुभएको छ । मन्त्रालयको सङ्ख्या सातबाट नबढाइने प्रदेश सरकारले प्रष्ट पारेको छ ।

## अन्नपूर्ण पदमार्गमा पर्यटक आगमनमा बृद्धि

पोखरापत्र संवाददाता
गण्डकी, २८ बैशाख



विश्वकै १० उत्कृष्ट पदमार्ग मध्य एकमा पर्ने अन्नपूर्ण पदमार्गमा पर्यटकको आगमन उल्लेखनिय रुपमा बृद्धि भएको छ । कोभिड १९ पछि हिजो आज विदेशी पर्यटक अन्नपूण पदमार्गमा घुमघामको लागि उल्लेखनिय रुपमा बृद्धि भएको स्थानियले बताए ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना इलाका संरक्षण कार्यालय, घान्द्रुकले दिएको तथ्याङ्क अनुसार चालु आर्थिक वर्षको ६ महिना पुषसम्म अन्नपूर्ण पदमार्ग अन्तर्गत बिरेठाँटी पर्यटक सूचना केन्द्र तथा चेक पोष्टमा १७ हजार ५ सय १९ जना पर्यटक अन्नपूर्ण क्षेत्रमा प्रवेश गरेका छन् । अघिल्लो वर्षको तुलनामा यस चालु आर्थिक वर्षको ६ महिनाको मात्र तथ्याङ्क हेर्दा करिब दो ब्बरले अन्नपूर्ण पद मार्गमा आउने पर्यटकको आगमनमा बृद्धि भएको छ ।

चालु आर्थिक बर्षको ६ महिनामा बिरेठाँटीमा सार्क मुलुकका १६ हजार ८४ जना पर्यटकले अन्नपूर्ण पदमार्गमा जानको लागि अनुमति दिएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना इलाका संरक्षण कार्यालय, घान्द्रुकका निमित्त कार्यालय प्रमुख भिम उपाध्याय पौडेलले बताए । राष्ट्रिय प्रकृतिक संरक्षण कोषबाट अनुमति दिएका विदेशी पर्यटकहरुले ३ हजार रुपैया शुल्क तिर्नुपर्ने छ अन्यथा अनुमती नलिएकाहरुको हकमा डबल दष्तुर लियर रुट प्रमिट दिने व्यवस्था गरिएको उनले जनाए ।

६ महिनाको अन्तरालमा ७ जना तेश्रो लिङ्गी पर्यटकहरुले बिरेठाँटीबाट पद यात्रामा निस्केका छन् । तेश्रो मुलुकका पर्यटकहरु मध्ये पुरुष ७ हजार ५ सय ३१, महिला तर्फ ८ हजार ५ सय ४६ जना पर्यटकले पद यात्राको लागि प्रबेश अनुमति लिएका हुन् । आर्थिक बर्ष २०७९ को साउन महिनामा १ जना, भदौमा १६, असोजमा २ सय ९८, कार्तिकमा ५ सय, मसिरमा ५ सय ३६, पुषमा ५ सय ५०, माघमा २ सय ३४, फागुनमा ८ सय ३४ जना पर्यटकले अनुमति लिएका हुन् । त्यसैगरी चैतमा २ हजार

बाँकी अन्तिम पृष्ठमा ▶▶

## शरणार्थी प्रकरणमा दोषी उम्किन र निर्दोष फस्न हुँदैन : ओली

रासस
काठमाडौं, २८ बैशाख

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले नक्कली भुटानी शरणार्थी प्रकरणमा को ही पनि दोषी उम्किनु नहुने बताउनुभएको छ ।

ललितपुरको च्यासलस्थित एमालेको मुख्यालयमा आजदेखि सुरु भएको केन्द्रीय कमिटी बैठकमा सम्बोधन गर्दै उहाँले निर्दोषलाई फसाउन र दोषीलाई उम्काउन खोजे आफूले त्यसको विरोध गर्ने बताउनुभयो ।

अध्यक्ष ओलीले नक्कली भूटानी शरणार्थी प्रकरणमा पूर्वाग्रहपूर्ण ढङ्गले कसैलाई फसाउन खोजिएको बताउनुभयो । उहाँले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँगको भेटमा नक्कली भुटानी शरणार्थी प्रकरणमा दोषी नउम्कियोस् र निर्दोषलाई नफसुन भनेर आग्रह गरेको समेत बताउनुभयो । उहाँले अनुसन्धानलाई सहयोग गर्नका लागि पार्टीका सचिव टोपबहादुर रायमाझीलाई निलम्बन गरेकोसमेत बताउनुभयो । अध्यक्ष ओलीले नेपालीलाई राज्यविहीन बनाउने र विदेश पठाउने मानिस देशद्रोही भएको भन्दै यसप्रकरणमा यसअघि समातिएका व्यक्तिलाई किन छाडियो भनेर प्रश्न गर्नुभयो । राज्यको अर्बौंको ढुकुटी कुल्याउन भ्रष्टाचारका मुद्दा खोजी खोजी छानबिन गर्न ओलीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई आग्रह गर्नुभयो ।

"राज्यको ढुकुटी खल्तीमा हाल्नु भनेको भ्रष्टाचार हो । राज्यको ढुकुटी अर्बौंको सम्पत्ति कुम्लाउनविरुद्ध अख्तियारले छानबिन गर्नुपर्ने छ," उहाँले भन्नुभयो, "तर भ्रष्टाचारका मुद्दालाई अख्तियारमा त्यतिकै राखेको छ ।" उहाँले सरकारले भुटानी शरणार्थी वर्गीकरण नगरेर अयन्त्रबाट आएको, भुटानबाट अपराध गरेर आएका भनेर चार बुँदे सहमति गरेपछि शरणार्थीलाई भुटान फर्काउन समस्या भएको बताउनुभयो । उहाँले नेपाली भाषी भुटानी योजनाबद्ध ढङ्गले लखेटिएको र उनीहरुलाई भुटान फिर्ता पठाउन सम्भव नभएपछि गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री भएको समयमा आफूले भुटानी शरणार्थीको समस्या तेस्रो मुलुक पठाएर समाधान गर्न सुझाव दिएको बताउनुभयो ।

साथै आफू परराष्ट्रमन्त्री भएको समयमा तत्कालीन अमेरिकी राष्ट्रपति जर्ज डब्लु बुससँग शरणार्थी समस्या समाधान गर्न पनि आग्रह गरेको बताउनुभयो ।

बैठकमा पार्टी महासचिव शङ्कर पोखरेलले एमालेलाई बलियो राष्ट्रिय शक्तिका रुपमा सुदृढ गर्ने योजनासाथ सुरु भएको मिसन ग्रासरुट अभियानको समीक्षा गर्ने बताउनुभयो । बैठकमा अध्यक्ष ओलीको राजनीतिक प्रतिवेदन, केन्द्रीय निकायको प्रतिवेदन, मिसन ग्रासरुटको प्रतिवेदन, प्रदेशको कार्ययोजना, केन्द्रीय सदस्यको कार्यविभाजन, पार्टी प्रवेशीको व्यवस्थापन लगायतका १० वटा कार्यसूचीमा छलफल हुनेछ । एमालेको गत मङ्सिर ४ गतेको प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचनपछि पहिलो पटक बैठक बस्न थालेको हो । बैठक यही वैशाख ३० गतेसम्म चल्ने छ ।

## काँग्रेस पदाधिकारी बैठक :दोषी उम्कनु हुँदैन, निर्दोष पर्नुहुँदैन

रासस
काठमाडौं, २८ बैशाख

नेपाली काँग्रेसको पदाधिकारी बैठकले नक्कली भूटानी शरणार्थी प्रकरणका बारेमा दोषीलाई उम्कन नदिने र निदोष पर्न हुँदैन भन्ने निष्कर्ष निकालेको छ ।

पार्टी सभापति शेरबहादुर देउवा निवास धुम्बाराहीमा बिहीबार बसेको बैठकमा नक्कली भूटानी शरणार्थी प्रकरणका दोषीलाई छाडन नहुने, पार्टी केन्द्रीय समिति र नीति अधिवेशनको तयारी तथा भ्रातृ र शुभेच्छुक संस्थाका विषयमा छलफल भएको थियो ।

"बैठकमा नेता बालकृष्ण खाँणलाई निलम्बन गर्नुपने विषय कुरा उठेको थियो, तर कुनै निर्णय भएको छैन" बैठकक बारेमा जानकारी दिँदै सहमहामन्त्री जीवन परियारले भन्नुभयो,"छानबिन प्रक्रिया जारी छ, अनुसन्धान नसकिएको हुनाले अहिले नै निष्कर्षमा पुग्नु उचित हुँदैन ।" पदाधिकारी बैठकमा कोशी प्रदेशमा केन्द्रमा रहेको सत्तारूढ गठबन्धनअनुसारको सरकार नभएको बारे गम्भीर छलफल भएको र राष्ट्रपति कार्यालयमा रहेको नागरिकता विधेयकका विषयमा पनि बैठकमा छलफल भएको उहाँले बताउनुभयो ।

## नेपाल र भारतका नाट्यकर्मी एकै ठाउँमा

पोखरापत्र संवाददाता
गण्डकी, २८ बैशाख



नेपाली नाटकलाई समसामयिकतातर्फ परिस्कृत गर्न पोखरामा तीनदिने नेपाली नाटकः प्रथम अन्तर्राष्ट्रिय सेमिनार २०८० सुरु भएको छ ।

नेपालका ८० र भारतका ४० वरिष्ठ नाट्यकर्मीको सहभागिता रहेको उक्त सेमिनारमा नेपाली नाटकलाई समसामयिकतर्फ ढाल्न तथा विविध पक्षका बारेमा भारतीय नाट्यकर्मीले १० वटा र नेपाली नाट्यकर्मीले आठवटा कार्यपत्र प्रस्तुत गरिने जनाइएको छ । कार्यपत्रमाथि छलफल चलाइने जानकारी आयोजक संस्था नेपाल नाट्य प्रतिष्ठान पोखरा नेपालले दिएको हो ।

समाज र नाटकको बीचमा घनिष्ट सम्बन्ध रहेको छ । नाटककारले समाजका विकृतिअन्तर्गत सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक विद्रुपता, असङ्गत मानवीय सम्बन्ध, बेरोजगारीका कारण सिर्जना गरेको असुरक्षित भविष्य, स्त्री र पुरुषको बीचमा विकसित जटिलतालाई चित्रण गर्ने गरेका छन् । नेपाली नाटकलाई विविध पक्षबाट परिस्कृत गर्न प्रा डा रामचन्द्र पोखरेल, प्रा डा सावित्री मल्ल कक्षपति, नवीन पौड्याल (भारत), डा अशोक थापा, डा वीरबहादुर विश्वकर्मा (भारत), ताराप्रसाद पोखरेल, पूर्णकुमार शर्मा (भारत) लगायतले कार्यपत्र प्रस्तुत गर्नुहुने भएको छ । समीक्षकहरू डा कृष्णराज घतानी, डा नेत्र एटम, प्रा डा दयाराम श्रेष्ठलगायत रहने बताइएको छ। सेमिनारको उद्घाटन गर्दै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले रङ्गकर्म, नाट्य लेखन र प्रदर्शनको परस्पर सम्बन्धको प्रतिफल भएको बताउनुभयो । नाटक पाठ्य र दृश्य दुवै रुप हुने हुँदा पढेर अनुभव गरेको विचारले भन्दा रङ्गमञ्चमा प्रदर्शित रङ्गकर्मको प्रत्यक्ष साक्षात्कारबाट प्राप्त विचार सशक्त हुने आचार्यको भनाइ थियो ।

कला, साहित्य ताथ सांस्कृतिकरूपमा पोखरा असाध्यै धनी भएकाले पोखरालाई नाट्य क्षेत्रबाट पनि चिनाउन जरुरी भएको उहाँले बताउनुभयो । नाट्यकर्मी प्रा डा दयाराम श्रेष्ठले समसामयिक नाटकमा गम्भीर कथावस्तु, गतिशील चरित्र, विचारशील निर्देशन र सचेत अभिनेता प्रयोग हुनुपर्नेमा जोड दिनुभयो । वरिष्ठ नाट्यकर्मी अशोक मल्ल, वरिष्ठ सर्जक सरुभक्त क्षेष्ठ, गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सूर्य खड्का विखर्ची, पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पद्मराज ढकालर हिसनबहादुर थापामगर लगायतले आफ्ना भनाइ राख्नुभएको थियो ।




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद,
पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी
कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# दोश्रो राष्ट्रिय पोखरा महानगर र मोहन मेमोरियल ब्याडमिन्टन प्रतियोगिता जारी

**पोखरापत्र संवाददाता**
पोखरा, २८ बैशाख

पोखरामा भदे दोश्रो राष्ट्रिय पोखरा महानगर र मोहन मेमोरियल खुल्ला तथा अन्तर विद्यालय राष्ट्रिय व्याडमिन्टन प्रतियोगिता जारी रहेको छ।

पोखरा महानगरपालिका खेलकुद विकास समिति र मोहन भुगोल व्याडमिन्टन फाउण्डेसनको संयुक्त आयोजनामा पोखरा रगंशालाको व्याडमिन्टन कोर्टमा जारी उक्त प्रतियोगिता अर्न्तगत विहिबार पहिलो तथा दोश्रो चरणका खेलहरु भएको फाउण्डेसनका अध्यक्ष एवं राष्ट्रिय खेलाडी भुगोल गुरुङले बताए। शुक्रबार क्वाटर फाइनल तथा सेमिफाइनलका खेलहरु हुने भएको उनले जनाए। विहिबार भएको मावि स्तरिय छात्र एकल तर्फको खेलमा एपेक्स लाइफका सत्याम कार्कीले वाइट माउण्टेनका शिवम श्रेष्ठलाई २१–१९, २१–९ को सोझो सेटमा पराजित गरे। निमावि स्तरिय छात्रा एकल तर्फको खेलमा मैत्रिय पाठशालाकी निभा राईले प्रगती स्कुलकी अंशु परियारलाई २१–३, २१–७ को सोझो सेटमा पराजित गरीन्। अको खेलमा लालीगुरास नेश्नलकी



अस्मिता खत्रीले कास्की मोडनाइज्डकी खुसि दाहाललाई २१–७, २१–४ को सोझो सेटमा पन्छाइन्। ग्यालेक्सी पब्लिककी रिहाना शेरचनल विद्या बिकासकी आश्ना श्रेष्ठलाई २१–७, २१–३ को सेटमा पराजित गरिन्। मावि छात्रा एकल तर्फ मैत्रिय पाठशालाकी निभा राईले लाली गुराँस नेश्नलकी अस्मिता खत्रिलाई २१–१७, २१–१८ को सोझो सेटमा पराजित गरीन्। अर्को खेलमा शुनगाभा एकेडेमीकी निस्था श्रेष्ठले बिद्या ज्योतिकी यशोधा रोकालाई २१–१५, २१–१२ को सेटमा पन्छाइन्। अर्को खेलमा बालदिक्षा सदनकी तिशा रानी शाक्यले बिद्या ज्योतिकी शिल्पा शाहीलाई २१–१०, २१–९ को सेटमा पन्छाइन्। अर्को खेलमा सेन्टम्यारीकी दिलाशा रनाले विद्या ज्योतिकै शुभेच्छा खनाललाई २१–१०, २१–६ को सोझो सेटमा पराजित गरिन्। अर्को खेलमा समृद्धि श्रेष्ठले पवित्रा सापकोटालाई २१–९, २१–१६ को सेटमा पन्छाइन्। मावि स्तरिय छात्रा एकल तर्फको खेलमा लालीगुरास नेश्नलकी अस्मिता खत्रिले गौतम बुद्ध माविकी विपना केसीलाई २१–२, २१–३ को लज्जास्पद रुपमा पराजित गरिन्। निमावि छात्र एकल तर्फको खेलमा क्याम्पियन स्कुलका सुदेश राजकोटीले राष्ट्रिय आर्दश बिद्यालयका युनिक चौधरीलाई २१–१६, २१–८ को सेटमा पन्छाए। त्यसै गरी रोज म्यारी आइडल स्कुलका दियोन भण्डारीले साउथ वेष्टन स्कुलका रोहन गुरुङलाई २१–३, २१–८ को सेटमा पराजित गरे।

मावि छात्र एकल तर्फ बागमती अल्टरनेटिभका सुविन श्रेष्ठले रोज म्यारी आइडलका दियोन भण्डारीलाई २१–७, २१–१० को सेटमा पराजित गरे। त्यसैगरी ग्यालेक्सी पब्लिकका ऋषव राईले निलकण्ठ माविका अस्विन मगरलाई २१–६, , १४–२१, २४–२२ को कडा प्रतिष्प्रर्धामा पराजित गरे। खैरेनीटार माविका सफल भुजेलले वेष्टप्वाइटका बिदान भण्डारीलाई २१–९, २१–१३ को को सोझो सेटमा पराजित गरे। कास्की मोडनाइज्डका दिप रानाले एपेक्स लाइफका सुभव कार्कीलाई २१–१९, २१–१७ को सोझो सेटमा पन्छाए। अर्को खेलमा सनसाइन स्कुलका शिभव कशौधनले कपिलवस्तु निकेतनका मुनाल क्षेत्रीलाई १९–२१, २१–१४, २१–१४ को सेटमा पराजित गरे। उक्त प्रतियोगितामा अन्तराष्ट्रिय कम्पनी भदे नेपालले मुख्य प्रायोजन गरेको फाउण्डेसनका सचिव बरदान ताङ्वे लामाले बताए। चर्चित भदे कम्पनीले ट्रेकिङका सामानहरु बिक्री गर्दै आएको छ।

# दमौलीका होटल र पसलको अनुगमन

**पोखरापत्र संवाददाता**
दमौली, २८ बैशाख

घरेलु तथा पर्यटन उद्योग कार्यालय तनहुँको संयोजनमा दमौली बजारमा खाद्यान्न, होटल तथा तरकारी पसल अनुगमन गरिएको छ। खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयसमेत सहभागी भएर दमौली बजारमा सञ्चालित खाद्य पसल तथा होटलको अनुगमन गरिएको हो।

अनुगमनका क्रममा होटलमा सरसफाइको समस्या देखिएको छ भने केही खाद्यान्न पसल बिनाअनुमति सञ्चालन भएको पाइएको खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयका प्रमुख प्रशान्त पोखेलले जानकारी दिनुभयो। साथै एक मदिरा पसलमा दुई कार्टुन बियर म्याद गुज्रिएको भेटिएको र त्यसलाई नष्ट गरिएको छ।

"आज १० पसल अनुगमन गर्दा केही किराना पसलले अनुमति नलिएको भेटिएको छ, होटलमा पनि दर्ताको कागजात नभेटिएकाले आवश्यक कागजात घरेलुमा पेस गर्न निर्देशन दिइएको छ", उहाँले भन्नुभयो, "केही होटलमा सरसफाइको समस्या देखिएको छ।"

भान्साकोठामा पर्याप्त उज्यालो हुनुपर्नेमा केही होटलका भान्साकोठा अँध्यारो देखिएको छ। साथै गर्मी बढेसँगै भान्साकोठामा किरा, फट्याङ्ग्रा पनि देखिएकाले यसले रोग निम्त्याउने भएकाले सरसफाइमा विशेष ध्यान दिन आग्रह गरिएको पोखेलले बताउनुभयो।

केही पसलमा भने विगतको भन्दा केही सुधार भएको पाइएको छ। "अनुगमनका क्रममा सुधार गर्नुस् भनेर भन्दै आएका छौं, कतिपयले सुधार गरेको पनि भेटियो, कतिपयले अझै अटेरी गरिरहेका छन्", उहाँले भन्नुभयो। पोखेलका अनुसार केही पसलमा खाद्य र अखाद्य वस्तु एकैठाउँमा राख्ने गरिएको पाइएकाले त्यसो नगर्न सचेत गराइएको छ।

# बाख्राको दूधबाट चीज उत्पादन

**पोखरापत्र संवाददाता**
वालिङ, २८ बैशाख

स्याङ्जाको भीरकोट-८ ओकादीका डिलबहादुर गुरुङले बाख्राको दूधबाट चीज उत्पादन थाल्नुभएको छ। दश वर्षअघि 'जुना बाख्रापालन फार्म' दर्ता गरी सानन जातका बाख्रा पाल्न थाल्नुभएका उहाँले दुई सातादेखि चीज उत्पादन सुरु गर्नुभएको हो।

गुरुङले दैनिक पाँच लिटर दूधबाट चीज बनाउँदै आउनुभएको छ। उहाँको फार्ममा २७ माउ तथा २३ पाठापाठी गरी हाल ५० बाख्रा रहेका छन्। सत्ताइस माउमध्ये अहिले १० वटाले दूध दिन्छन्।

भैंसी तथा गाईको दूधबाट चीज बनाइरहेका बेला गुरुङले स्याङ्जामा नै पहिलो पटक बाख्राको दूधबाट चीज उत्पादन थाल्नुभएको हो। स्थानीय खरीको माउ र विदेशी सानन जातको बोकाबीचमा क्रस गराइएको छ। दूध उत्पादन गर्ने, उत्पादित दूधबाट चीज र साबुन बनाउने उहाँको लक्ष्य छ।

"ठूला होटलमा बाख्राको दूधबाट बनेको चीजको माग बढी हुने भएकाले उत्पादन थालेको हुँ", उहाँले भन्नुभयो, "भर्खरै उत्पादन थालेको छु, अहिले उत्पादन भएको बिक्री भइरहेको छ, उत्पादन वृद्धि गरे बजारको खोजी गर्नुपर्ने हुन्छ।" बाख्राको दूधबाट चीज बनाउनेसम्बन्धी सीप गुरुङले तनहुँको बन्दीपुरमा सिक्नुभएको हो। दुई वर्षअघि चीज बनाउने सीप सिके पश्चात् घरमै प्रयोगात्मक परीक्षण गरेर व्यावसायिक उत्पादन थालेको उहाँ बताउनुहुन्छ।



"अहिले उत्पादन भएको चीज स्थानीयस्तरमै प्रतिकिलो दुई हजारका दरले बिक्री भइरहेको छ", गुरुङले भन्नुभयो, "अब यसलाई गुणस्तर, प्याकेजिङ र ब्राण्डिङ गरी बजार पठाउने तयारीमा छु।" भारतमा रेडियो र टेलिभिजन मर्मत तथा वायरिङसम्बन्धी तालिम लिई काम गर्दै आउनुभएका गुरुङले स्वदेशमै फरक ढङ्गको व्यवसाय थाल्ने लक्ष्यसहित घर फर्कनुभयो। बाख्रापालनसम्बन्धी तालिम लिनुभएका गुरुङ भन्नुहुन्छ, "मासु तथा पाठापाठी खरिद बिक्री त सबैले गर्छन्, अरुले भन्दा फरक खालको ब्यवसाय गने हुटहुटीले दूधालु सानन जातका बाख्रापालन गर्ने निचोडमा पुगेको हुँ, अहिले राम्रै गरेछु भन्ने लागेको छ।" गुरुङले २०७० सालमा १२ बाख्राबाट व्यवसाय थाल्नुभएको थियो। बाख्रा खरिद र खोर निर्माणमा रु तीन लाख ५० हजार लगानी गरी व्यवसाय थाल्नुभएका गुरुङ अहिले यो व्यवसायबाट सन्तुष्ट हुनुहुन्छ।

नमूना बाख्रा गाउँ अभियानका अभियान्ता सुशील अर्यालले चीजको माग पछिल्लो समय बढ्दै गएकाले उत्पादनलाई गुणस्तरयुक्त बनाउनुका साथै वृद्धि गर्नुपर्ने सुझाव दिनुभयो। "बाख्राको दूधबाट उत्पादित चीजको बजार मूल्य राम्रो रहेको छ", उहाँले भन्नुभयो, "गुणस्तरयुक्त उत्पादन गर्न सके बजारको समस्या हुँदैन।"

# अनुदान प्राप्त उपआयोजनाको अनुगमन

**प्रेम बहादुर आले**
पोखरा, २८ बैशाख

कृषि तथा पशुपक्षी विकास मन्त्रालयको नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना (एनएलएसआइपी) बाट अनुदान प्राप्त उपआयोजनाको अनुगमन गरिएको छ।

आयोजनाले सञ्चालन गरेका क्रियाकलापका बारेमा सञ्चार क्षेत्रलाई जानकारी दिने उद्देश्यले बुधबारदेखि चार दिवसीय सञ्चार अनुगमन (मिडिया मोनिटोरिङ) सुरु गरिएको कृषि अर्थ विज्ञ सुशील खड्काले जानकारी दिनुभयो।

आयोजनाका प्रतिनिधि एवं सञ्चारकर्मीसहितको १४ सदस्यीय टोलीले तनहुँ, कास्की र म्याग्दीमा सञ्चालित केही उपआयोजनाको स्थलगत अनुगमनसँगै सरोकारावालाबीच छलफल एवं अन्तर्क्रिया गरिने उहाँले जानकारी दिनुभयो। आयोजनाबाट देशभर पाँच सय ५९ उपआयोजनामा



अनुदान सहयोग गरिएको र हालसम्म दुई सय १३ सम्पन्न भइसकेको उहाँले बताउनुभयो। कार्यक्रमअन्तर्गत बुधबार कुमालटारी कृषि तथा पशु फर्म बन्दीपुर गाउँपालिका-५ याम्पाफाँट तनहुँ र दाजुभाइ गाई फर्म व्यास नगरपालिका-१० डिहिकुवा तनहुँको स्थलगत अवलोकनसँगै पशु विकास शाखा शुक्लागण्डकीका पदाधिकारीसँग छलफल एवं अन्तरक्रिया गरिएको थियो।

अनुगमन टोलीलाई कुमालटारी कृषि तथा पशु फर्मका सञ्चालकद्वय चेतप्रसाद तिवारी र विष्णुप्रसाद अमगाईं तथा दाजुभाई गाई फर्मका सञ्चालक रमेश तिमल्सिनाले भइरहेका कामबारे जानकारी गराउनुभएको थियो।

पशु विकास शाखा शुक्लागण्डकीका प्रमुख मुक्ति नेपालीले आयोजनाअन्तर्गत शुक्लागण्डकीमा निर्माण भइरहेको पूर्वाधारसहितको भेटेरिनरी अस्पतालको भवनका सम्बन्धमा जानकारी गराउनुभयो। आयोजनाको अनुगमन मूल्याङ्कन अधिकृत ईश्वरी खतिवडाका अनुसार विभिन्न उपआयोजनाको स्थलगत अनुगमन गरी टोली यही वैशाख ३० गते काठमाडौं फर्कनेछ।

# अन्नपूर्ण...

४ सय ९८, वैशाखमा २ हजार ५ सय २०, जेठमा ९ सय ३९ जना र असारमा ५ सय ९५ जना पर्यटकले अन्नपूर्ण पदमार्गमा जानको लागि प्रवेश अनुमति दिएका हुन्। अन्नपूर्ण पदमार्ग अर्न्तगत बिरेठाँटी पर्यटक सूचना केन्द्र तथा चेक पोष्टमा चालु आर्थिक बर्षको अग्रेंजी महिना जनवरीमा १ हजार ३ सय २५, फेब्रुअरीमा १ हजार ६ सय ५०, मार्चमा ४ हजार ९ सय ६४ र अप्रिलमा ७ हजार ४ सय ९० जना पर्यटकले अन्नपूर्ण पद मार्गमा जानको लागि अनुमति लिएको उक्त चेकपोष्टका श्यााँम गुरुङले बताए।

कोरोनाले प्रभावित भएको आर्थिक बर्ष २०७७/०७८ मा ६ सय २० जना पर्यटकहरुले मात्र अन्नपूर्ण पद यात्राको लागि अनुमति लिएका थिए। पछिल्लो समयमा पदमार्गहरु धुलाम्मे सडकले गर्दा प्रभावित हुदा अन्नपूर्ण आधार शिविरसम्म जाने पर्यटकहरुको आगमनमा कमी आएको स्थानिय किसन गुरुङले गुनासो गरे। अझै पनि केही पर्यटकहरुले आफु खुसि विना अनुमति र विना ट्रेकि ङ गाइड विना भ्रमणमा निस्कने गरेका छन्।


## आवश्यकता

पोखरा–१४, चाउथेमा अवस्थित विद्यालयको लागि Science Teacher आवश्यकता परेको हुदाँ योग्य व्यक्तिले तुःसम्पर्क राख्नुहोला।

सम्पर्कः
०६१-५०१०५७
९८४६०३६५०७

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही **मिति जेठ २ गते मंगलबार** आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस्।

हाम्रो सेवाहरु :
पाइल्स : कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्धार दुख्ने चिलाउने, सुनिने आदि।
फिस्टुला : मलद्धारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर : मलद्धारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक : मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु : अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म


माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन नं. ५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१, ९८५१०१६६९४
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# ‘मोहरेडाँडा’मा पर्यटक आकर्षण बढ्दो

**पोखरापत्र संवाददाता**
बेनी, २८ बैशाख

घना जङ्गलको शीरमा रहेको धुरीबाट दन्तेलहरजस्तै हिमाल देखिन्छन् । समुद्र सतहदेखि तीन हजार तीन सय १३ मिटर उचाइमा अवस्थित म्याग्दीको अन्नपूर्ण गाउँपालिका-८ ‘मोहरेडाँडा’ बाट देखिने हिमशृङ्खलाको यो दृष्यले पर्यटकलाई आकर्षित गर्ने गरेको छ । दर्जन बढी हिमाललाई एउटै प्राकृतिक भ्यू प्वाइन्टबाट अवलोकन गर्न सकिने भएकाले पछिल्लो समय मोहरेडाँडाको अवलोकनका लागि जाने पर्यटकको सङ्ख्या ह्वात्तै बढेको छ । वरिपरि गुराँसे जङ्गल भएकाले चैत-वैशाखको यो सिजनमा मोहरेडाँडा क्षेत्र रङ्गीविरङ्गी गुराँसका फूलले चिटिक्क सजिएको छ । अभियान्ता डाक्टर महाविर पुनको अगुवाइमा सन् २०११ देखि सञ्चालनमा रहेको अन्नपूर्ण-धौलागिरि सामुदायिक पदमार्गले समेटिएको मोहरेडाँडामा आन्तरिकसँगै बाह्य पर्यटकको समेत आकर्षण बढेको मोहरेडाँडामा सञ्चालित सामुदायिक लजका व्यवस्थापकन विनपुनले बताउनुभयो । “यहाँ आउने पर्यटक लोभिएर फर्कने गर्छन, प्राकृतिक सुन्दरताको छटासँगै रमाउँदा यहाँ आउने जो कोही पनि आफूलाई गौरव ठान्ने गर्छन, पर्यटकको चापले पर्यटन सिजनमा पर्यटकको भार थेग्न मुस्किल हुन थालेको छ”, पुनले भन्नुभयो ।

पर्यटकको सुविधाका लागि मोहरेडाँडामा रहेको सामुदायिक लजको क्षमता विस्तार गरिएको छ । पदयात्राका लागि आन्तरिक पर्यटकको रोजाइको गन्तव्य बन्न थालेको मोहरेडाँडामा फ्रान्स, जर्मनी, अमेरिका, रसिया, अष्ट्रेलिया, दक्षिण कोरियालगायतका देशबाट समेत उल्लेख्य मात्रामा पर्यटक आउने गर्छन् । घना जङ्गल र अग्ला पहाड भएर तयार भएको यस क्षेत्रको पदयात्रालाई पर्यटकले ‘साहसिक’ पदयात्राका रुपमा लिने गर्छन् ।

पहिलो पटक मोहरेडाँडा पुग्नुभएका काठमाडौँका सुरज बज्राचार्यले प्राकृतिक भ्यू प्वाइन्टका रुपमा रहेको मोहरेडाँडाको सुन्दरताले आफू लोभिएको बताउनुभयो । “घना गुराँसे जङ्गलको यात्रा निकै रोमाञ्चकृत हुँदोरहेछ, प्राकृतिक छटाले यहाँ आउँदा हुने सबै दुःख बिसाइदिँदो रहेछ, अन्नपूर्ण र धौलागिरि रेञ्जका दन्तेलहर हिमाललाई एकैठाउँबाट नियाल्नुको मज्जा नै छुट्टै भएको अनुभूतिभएको छ”, उहाँले भन्नुभयो ।

यस डाँडाबाट धौलागिरि, गुर्जा, चुरेन, मानापाथी, टुकुचे, निलगिरी, अन्नपूर्ण, मार्दी, मनास्लु, माछापुच्छ्रेलगायतका करिब दुई दर्जन हिमाललाई अवलोकन गर्न सकिन्छ । डाँडाबाट हिमाल र सूर्योदयको दृष्यले आफूलाई मोहित तुल्याएको पोखराबाट भ्रमणमा आउनुभएका महेश पुनले बताउनुभयो । हिमालसँगै यहाँबाट पोखरा, फेवातालसँगै म्याग्दी, पर्वत र बागलुङका समेत भू-भागलाई अवलोकन गर्न सकिन्छ । हिमशृङ्खलाको अवलोकन, ग्रामीण जीवनशैली, रहनसहन र परम्परागत पशुपालन, कृषिसमेत यहाँका थप आकर्षण हुन् । यस क्षेत्रमा गरिने घुम्ती चौरीपालनसमेत पर्यटकको अवलोकनको रोजाइमा पर्नेगर्छ । बस्तीदेखि टाढा र घना जङ्गलको शीरमा रहेको मोहरेडाँडामा विद्युत्का लागि सोलार जडान गरिएको छ । यहाँ खानेपानीको मूल नभएकाले जङ्गलमा रहेका मूलबाट खच्चडमार्फत पानी ल्याएर प्रयोग गरिन्छ ।

क्षमताभन्दा बढी पर्यटक आउँदा मुख्यगरी खानेपानीको अभाव हुने गरेको लजका सञ्चालक पुन बताउनुहुन्छ । मोहरेडाँडाको भ्रमणका लागि म्याग्दीको बेनीबाट नागी र राम्चे हुँदै आलडाँडा भएर मोहरे, कास्कीको नयाँपुल-उल्लेरी-वनठाँटी-कोखे हुँदै मोहरे, बेनीबाट घोरेपानी-पुनहिल हुँदै मोहरे र पर्वतको मिलनचोक-सालिजा-जलजला-हप्पाल हुँदै मोहरेमा पर्यटक पुग्ने गर्छन् । पछिल्लो समय पुनहिलदेखि मोहरे जोड्ने गुराँस पदमार्ग भएर धेरै पर्यटक मोहरेडाँडा क्षेत्रको भ्रमणमा जाने गरेका छन् ।

# हार्दिक श्रद्धाञ्जली



जन्मः वि.स. १९८६/१२/१५

स्वर्गारोहणः वि.स. २०८०/०१/१७

**स्वः भक्तुराम गौतम**

हाम्रा प्रात स्मरणीय पति/बाबा/हजुरबाबा **भक्तुराम गौतम** को ९४ वर्षको उमेरमा भएको असामयीक दुःखद निधनले हामीलाई मर्माहत एवं स्तब्ध बनाएको छ । उहाँको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुःखद् घडिमा हामीप्रति श्रद्धाभाव राखि सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

**पत्नीः बालुमाया गौतम**
**छोराहरूः कुलप्रसाद, राजेन्द्र गौतम**
**बुहारीहरूः नारायणी, सरिता, दुर्गा, सारदा गौतम**
**नातिहरूः कविराज, विजय, सुरज, कुशल, सुवोद गौतम**
**नातिनी बुहारीः आश्मा गौतम**
**पनातिः अभिनव गौतम**
**नातिनीहरूः विन्दु पौडेल, संगीता, निशा, गौतम, सुस्मिता, मिश्र**
**छोरीहरूः सन्तु अधिकारी, रूकु बास्तोला, सिता अधिकारी**

**सम्पूर्ण गौतम परिवार**

# हार्दिक श्रद्धाञ्जली



जन्मः २०१२।०७।०२

स्वर्गारोहणः २०८०।०१।१५

**स्व. नम माया तामाङ**

कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.-१७, भेडीफारम, शिवशक्ति टोल निवासी यस गण्डकी ढुवानी प्रा.लि.का अध्यक्ष **राम बहादुर (शिबु) तामाङ**को पुज्जयनीय सासुआमा **नम माया तामाङ**को ६८ वर्षको उमेरमा भएको दुःखद् निधनले हामी अत्यन्तै मर्माहत एवम् स्तब्ध भएका छौं । आज वहाँको पितृकार्य (घेवा)को पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै **भावपूर्ण श्रद्धाञ्जली** अर्पण गर्दछौं । साथै दुःख र पिडाको यस कठिन घडीमा शोक सन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवान् बुद्धले प्रदान गरुन् भनी प्रार्थना गर्दै **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

**ईश्वर बस्याल**
उपाध्यक्ष तथा

**गण्डकी ढुवानी प्रा.लि. परिवार**
पोखरा-१४, चाउथे

# कालीगण्डकी करिडोर प्रसारण लाइन असारभित्र सम्पन्न हुने

**पोखरापत्र संवाददाता**
पर्वत, २८ बैशाख

कालीगण्डकी करिडोर २२० केभी प्रसारण लाइन आयोजनाको निर्माण अगामी असारभित्र सम्पन्न गर्ने गरी काम अगाडि बढाइएको छ ।

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ दाना सवस्टेसनबाट सुरु भई पर्वत, बागलुङ, स्याङ्जा, पाल्पा, रुपन्देही हुँदै नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को सुनवल नगरपालिका-१३ भूमहीस्थित नयाँ बुटवल सवस्टेसनसम्मको एक सय २७ किलोमिटर डबल सर्किट प्रसारण लाइन आयोजना दुई खण्डमा विभाजन गरी निर्माण भइरहेको छ। पहिलो खण्डअन्तर्गत दानादेखि पर्वतको कुश्मा नगरपालिका-२ खुर्कोटसम्मको ३९ किलोमिटर प्रसारण लाइन निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेको छ। पहिलो खण्डमा नै खुर्कोटमा २२०/१३२ केभी र दानामा २२०/१३२/३३ केभी सवस्टेसन निर्माण सम्पन्न भइसकेका छन् । दोस्रो खण्डअन्तर्गत कुश्माबाट नयाँ बुटवल सवस्टेसनसम्मको ८८ किलोमिटर प्रसारण लाइन निर्माण अन्तिम चरणमा छ। यस खण्डको निर्माण आगामी असारभित्र सञ्चालनमा ल्याउने गरी काम भइरहेको छ। यस खण्डमा पर्ने दुई सय ३५ वटा टावरमध्ये पर्वतमा तीन वटा, पाल्पामा एक वटा, रुपन्देहीमा पाँचवटा निर्माणाधीन छन् । निर्माण सम्पन्न भएका टावरमा तार तानिसकिएको छ।

नवलपरासीको सुनवल नगरपालिका-१३ बडेराबाट नयाँ बुटवल सवस्टेसनसम्म २२० केभीको चार सर्किट (मल्टी सर्किट) लाइनमा पर्ने १७ वटा टावर निर्माण सम्पन्न भइसकेको छ। कूल पाँच दशमलव छ किलोमिटर मल्टी सर्किट लाइनमध्ये दुई दशमलव नौ किलोमिटरमा तार तान्न बाँकी छ। बडेरा सामुदायिक वन उपभोक्ता समितिले व्यवस्थापन गरेको वन क्षेत्रमा पर्ने लाइन तान्नका लागि एक हजार एक सय ५० रुख कटान गर्नुपर्ने छ। मन्त्रिपरिषद्बाट वन क्षेत्रको जग्गा प्रयोग र त्यहाँ रहेका रुख कटानका लागि स्वीकृति भइसकेको छ । वन तथा भू-संरक्षण विभागसँग सम्झौता गरी रुख कटान आदेश लिने प्रक्रियामा छ। नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले रुपन्देहीको पाल्पा, देवदह र नवलपरासीमा निर्माणाधीन प्रसारण लाइन निर्माणस्थलको अनुगमन भ्रमण गरी असारभित्र सम्पन्न गर्ने गरी काम गर्नुपर्ने बताउनुभयो। कार्यकारी निर्देशक घिसिङले नवलपरासीका प्रमुख जिल्ला अधिकारी, लुम्बिनी प्रदेश, वन निर्देशनालयका निर्देशकलाई छुट्टाछुट्टै भेट गरी राष्ट्रिय प्राथमिकता प्राप्त तथा अत्यन्तै महत्वपूर्ण लाइन निर्माण सम्पन्न गर्ने आवश्यक सहयोग र सहजीकरण गरिदिन अनुरोध गर्नुभयो । “यो लाइन असारभित्रमा निर्माण सम्पन्न भएन भने जलविद्युत् आयोजनाबाट उत्पादित करिब ३ सय मेगावाट विद्युत् प्रवाह गर्न नसकी खेर फाल्नुपर्ने अवस्था छ, यस्तो अवस्था आउनु प्राधिकरणका लागि मात्र नभइ देशकै लागि घाटा हो”, उहाँले भन्नुभयो, “निर्माण अन्तिम चरणमा पुगेको यस लाइनलाई सम्पन्न गर्न आवश्यक सहयोग र सहजीकरण गरिदिनु पर्‍यो ।”

आयोजना प्रमुख प्रमुख चन्दन घोषले निर्माणमा रहेका अधिकांश समस्या समाधान हुँदै गएकाले असारभित्रमा जसरी पनि सम्पन्न गर्ने लक्ष्यका साथ बाँकी काम भइरहेको बताउनुभयो । कालीगण्डकी र यसका सहायक नदीमा निर्माण हुने जलविद्युत् आयोजनाको विद्युत् प्रवाहका लागि नेपाल सरकार तथा प्राधिकरणको लगानी र एसियाली विकास बैंकको सहुलियतपूर्ण ऋणमा कालीगण्डकी करिडोर प्रसारण लाइनको निर्माण सुरु गरिएको हो । प्रसारण लाइनबाट करिब एक हजार दुई सय मेगावाट विद्युत् प्रवाह गर्न सकिन्छ ।

# तपशिल बमोजिमका ऋणी सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे ३५ दिने सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८०/०१/२९)**

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवं हर्जाना व्याज समय भित्र नतिरी, नबुझाई संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक, लिखित तथा पत्रिका मार्फत सार्वजनिक सूचना प्रकाशित गरि जानकारी गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा यो सूचना प्रकाशित गरीएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनु होला। अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण नीति बमोजिम लिलाम विक्रीको सुचना प्रकाशित गरी लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**तपशिल :**

| क्र.सं | ऋणी तथा धनजमानतको नाम थर | धितोको बिबरण |
|---|---|---|
| १ | • हिरे नेपालीको नाति प्रेम बहादुर नेपालीको छोरा कास्की जिल्ला पोखरा म.न.पा वडा नं. ०९ बस्ने<br>**ऋणी : बासु नेपाली**<br>• प्रेम बहादुर नेपालीको बुहारी कृष्ण बहादुर नेपालीको छोरी बासु नेपालीको श्रीमती कास्की जिल्ला पोखरा म.न.पा वडा नं. ०९ बस्ने<br>**धन जमानत : गायत्री नेपाली**<br>• प्रेम बहादुर नेपालीको नाति बासु नेपालीको छोरा कास्की जिल्ला पोखरा म.न.पा वडा नं. ०९ बस्ने<br>**धन जमानत : दिपेश नेपाली** | **बासु नेपाली**को नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेस्ता कायम रहेको जामुने गा.वि.स. वडा नं. ५ सीट नं. ५ च कित्ता नं. ४११, ४१८ र ४२१ को क्षेत्रफल ३-४-२-०, ०-१४-१-० र १-१३-०-० को जग्गा। |
| २ | • नर बहादुर थापाको बुहारी लक्ष्मण थापाको छोरी राम बहादुर थापाको श्रीमती कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २५ बस्ने<br>**ऋणी : तारा थापा**<br>• बल बहादुर थापाको नाति नर बहादुर थापाको छोरा कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २५ बस्ने<br>**धन जमानत : राम बहादुर थापा**<br>• नर बहादुर थापाको नाति राम बहादुर थापाको छोरा कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २५ बस्ने<br>**धन जमानत : अर्जुन थापा** | **तारा थापा**को नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेष्ता कायम रहेको जामुने गा.वि.स. वडा नं. ९ सीट नं.९ क कित्ता नं. २८५ को क्षेत्रफल २-०-०-० को जग्गा। |

**नोट : यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्धारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ। अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ।**

**पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**Pokhara Royal Saving & Credit Co-operative Society Limited**
Head Office: Pokhara-10, Buddhachowk, Kaski, Nepal | ☎: 061-588833, 587833, 570833, 570933
E-mail: info@royalcooperative.com Website: www.royalcooperative.com
Service Center:
•Dulegaunda, Tanahun ☎ 065-4114490
•Bhandradhik, Kaski ☎ 061-561775
•Mohoriya, Kaski ☎ 061-560903